# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ४) घ्याङलेख, पुस २७ गते, २०७७ साल (अतिरिक्ताङ्क १०

## भाग १

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

## सूचना

नेपालको संविधान, २०७२ को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७९ साल ऐन नं. १०**

घ्याङलेख गाउँपालिका

# घ्याङलेख गाउँपालिकाको आधारभुर सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन, २०७७

**प्रस्तावना :** आधारभूत स्वास्थ्यप्रति गाउँबासीहरुमा जागरुकता अभिबृद्धि गरी प्राकृतिक एवं मानव उत्पादित फाहोरमैलाका् स्रोतमानै न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन एवं विसर्जन तथा फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गरी जनस्वास्थ्य एवं वातावरणमा पर्ने सक्ने प्राकृतिक प्रभावलाई कम गरी घ्याङलेख गाउँपालिका क्षेत्र स्वच्छ एवं स्वास्थ्य वातावरण कायम गरी सबै नागरिकहरुलाई घर, आगन, चोक र सडक सफा राख्ने वातावरण तयार गर्नका लागि नेपालको संविधानको धारा २२६ बमोजिम यो ऐन जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नामः **"आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : वषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"गाउँपालिका"** भन्नाले घ्याङलेख गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले घ्याङलेख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) **"फोहोरमैला"** भन्नाले घरेलु फोहोरमैला, औधोगिक फोहोरमैला, रासायनिक फोहोरमैला, प्लास्टिक र सिसाजन्य फोहोरमैला, मासु तथा पशुजन्य, कृषिजन्य फोहोरमैला, स्वास्थ्य संस्थाबाट उत्पादन हुने फोहोरमैला वा

हानिकारक फोहोरमैला सम्भनुपर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसकेका, फालिएका, सडेगलेका, वातावरणमा प्रतिकुल हुने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवा, धुलो, विद्युतीय एवं सूचना संग सम्वन्धित सामाग्री तथा त्यस्तै प्रकारका सार्वजनिक स्थापनमा टाँसिएका पोस्टर, पम्पप्लेट, पर्चा, फ्लेक्सबोर्ड तथा अन्य सामाग्रीहरु समेतलाई सम्भनुपर्छ ।

(ङ) **"फोहोरमैला संकलन"** भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने, घरघरबाट संकलन गर्ने, सार्वजनिक स्थलबाट बढार्ने, थुपार्ने, भारपात उखेल्ने, सार्वजनिक स्थलमा राखिएका पोष्टर, पम्पप्लेट, ब्यानर आदि उप्काउने र संकलन गर्ने कार्यलाई सम्भनुपर्छ ।

(च) **"फोहोरमैला व्यवस्थापन"** भन्नाले फोहोरमैला पृथकीकरण, संकलन, प्रशोधन, विसर्जन वा फोहोरमैला व्यवसाय सम्मको कार्यलाई सम्भनु पर्छ ।

(छ) **"फोहोरमैला प्रशोधन"** भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैला व्यवस्थापन गर्ने प्रक्रिया सम्भनु सम्भनुपर्छ ।

(ज) **"वडाअध्यक्ष"** भन्नाले घ्याङलेख गाउँपालिकाको वडा अध्यक्ष सम्भनुपर्छ ।

(झ) **"समिति"** भन्नाले गाउँपालिकाले फाहोरमैला तथा सरसफाई व्यवस्थापन गर्न गठन गरेको समितिलाई सम्भनुपर्छ ।

## परिच्छेद २

## आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी व्यवस्था

**३ आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी सामान्य सिद्धान्तः**

(१) प्रत्येक गाउँवासीमा आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापनको जागरुकता अभिबृद्धि गरी गाउँबासीकै सकृय सहभागितामा फोहोरमैलाको व्यवस्थापन गरिनेछ ।

(२) प्रत्येक गाउँवासीमा "स्वच्छ, सुन्दर, प्रकृतिको खानी ! घ्याङलेख गाउँपालिका बन्दैछ छ, सिन्धुली जिल्लाकै रानी!!" को भावनाको विकास गरी घर, आँगन सफा राख्ने र सहभागितात्मक प्रणालीबाट पुरै गाउँपालिका क्षेत्रलाई "सफा, स्वच्छ र हराभरा गाउँपालिका" को रुपमा विकास गरिनेछ ।

(३) प्रत्येक गाउँबासीलाई स्रोतमा नै फोहोरमैला छुट्टयाउने बानीको विकास गर्ने भावना जागृत गराईनेछ ।

(४) फोहोरमैला संकलन स्थललाई सरसफाई केन्द्रको रुपमा विकसित एवं व्यवसायिक प्रयोजनका लागि प्रयोगमा ल्याईनेछ ।

४. **स्रोतमा फोहोरमैला पृथकीकरण गर्नु पर्ने** : (१) प्रत्येक गाउँबासी तथा व्यवसायी एवं संघ संस्थाहरुले स्रोतमा नै फाहोरमैला पृथकीकरण गर्नु पर्नेछ ।

(२) स्रोतमा फोहोरमैला पृथकीकरण गर्नु पर्दा जैविक, अजैविक, कवाडीजन्य, र खतराजन्य फोहोरमैला अलग अलग छुट्टयाएर राख्नु पर्नेछ ।

(३) गाउँपालिकाले फोहोरमैला संकलन गर्ने दिन र समय छुट्टयाई अलग अलग दिनमा जैविक, अजैविक, कवाडीजन्य र खतराजन्य फोहोर संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले जैविक र अजैविक फोहोर संकलनका लागि सार्वजनिक स्थानमा आवश्यक्ता अनुसार अलग अलग भाडाको व्यवस्था गर्न सक्नेछ ।

(५) गाउँपालिकाले फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि अलग्गै एकाई संचालनमा ल्याउनेछ ।

५. **सार्वजनिक स्थानमा फोहोर फाल्न निषेध गरिने** :

(१) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थानमा फोहोर फाल्न निषेध गरिने छ ।

(२) घर, पसल, होटल, उद्योग, स्वास्थ्य संस्था वा अरु कसैले पनि आफ्नो स्थानबाट बाहिर फोहोर निष्काशन गर्दा तोकिएको समय र स्थानमा मात्र निष्काशन गर्नु पर्नेछ ।

(३) सार्वजनिक स्थल, सडक, नाला वा अन्य कुनै पनि खुल्ला स्थानमा जथाभावी फोहोर फाल्न वा निष्काशन गर्न पाईने छैन ।

(४) गाउँपालिकाले जैविक र अजैविक फोहोर व्यवस्थापनका लागि सार्वजनिक स्थानमा संकलनका लागि राखिएको भाँडोमा थोरै मात्रामा राख्न मिल्ने फोहोर मात्र राख्नु पर्नेछ। त्यसरी राखिएको फोहोर संकलन गर्न राखिएको भाँडोमा सिसाजन्य र खतराजन्य फोहोर फाल्न पाईने छैन ।

**६. सरसफाई केन्द्रको व्यवस्था तथा संकलन :**

(१) गाउँपालिकाले गाउँपालिका क्षेत्रमा एक सरसफाई केन्द्रको व्यवस्था गर्नेछ ।

(२) सरसफाई केन्द्रको संचालन व्यवसायिक रुपमा गरिनेछ ।

(३) सरसफाई केन्द्रमा कुहिने फोहोरलाई कम्पोष्ट मल बनाईनेछ । यसरी कम्पोष्ट मल बनाउँदा जैविक विधिको प्रयोग गरी फोहोरबाट गन्ध नआउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) सरसफाई केन्द्रमा फूलबारी तथा सेडको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) गाउँपालिकाले सरसफाई केन्द्रको सञ्चालन आफै वा सार्वजनिक -निजी साझेदारीको अवधारणाबाट सञ्चालन गर्न सक्नेछ ।

**७. सरसफाई सेवा शुल्क तोक्न सक्ने :**

(१) कार्यपालिकाले गाउँपालिका क्षेत्रमा फोहोरमैलाको संकलन गरी सरसफाईका लागि व्यवस्थित गर्न सेवा शुल्क तोक्न सक्नेछ ।

(२) गाउँपालिकाले तोकेको सेवा शुल्क भन्दा बढि सेवा शुल्क उठाउन पाईने छैन ।

(३) कार्यपालिकाले विपन्न व्यक्ति वा सामाजिक संघ संस्थालाई आवश्यक्ता हेरी न्यूनतम सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

(४) फोहोरमैला सेवा शुल्कबाट प्राप्त आम्दानी गाउँपालिको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

**८. टोल विकास संस्था तथा सरसफाई समितिको व्यवस्था :**

(१) गाउँपालिकाले स्रोतमा फोहोरमैला छुट्टयाई फोहोरमैला व्यवस्थापनको कार्य गर्न, सडक एवं गाउँपालिका क्षेत्र सफा गर्न र गाउँपालिकाको विकासमा सहयोगी संस्थाको रुपमा काम गर्न प्रत्येक टोलमा टोल सुधार संस्था तथा सरसफाई समिति मार्फत नागरिकहरुको सहभागिता अभिबृद्धि गर्न सक्नेछ।

(२) टोल विकास संस्था वा सरसफाई समितिले अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिका वा वडा कार्यालय समक्ष दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी उचित देखिएमा गाउँपालिका वा वडा कार्यालयमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिन सक्नेछ।

(४) टोल सुधार संस्था वा सरसफाई समितिको गठन तथा परिचालनको लागि सम्वन्धित वडाको वडा अध्यक्षले विशेष अग्रसरता लिनु पर्नेछ।

(५) टोल विकास संस्था वा सरसफाई समितिको आफ्नै एउटा छुट्टै कोष हुनेछ, जसमा देहाय अनुसार रकम रहनेछ।

(क) टोलवासीको सदस्यता शुल्कबाट उठेको रकम,

(ख) सहयोगीबाट प्राप्त रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदानको रकम,

(६) टोल विकास संस्था वा सरसफाई समितिको कोषको सञ्चालन सामान्यतया देहायको आधारमा हुनेछ।

(क) टोल विकास संस्था वा सरसफाई समितिले गाउँपालिकामा दर्ता गरेको विधानमा भएको कोष सञ्चालन समितिको निर्णयद्वारा सञ्चालन गर्नु पर्ने,

(ख) बजार क्षेत्रको सरसफाईका लागि प्रयोग गर्न सक्ने,

(ग) समितिले आंशिक करारमा सरसफाईका लागि जनशक्ति राख्न सकिने,

(घ) टोल सुधारका लागि आवश्यक पर्ने मेला महोत्सव कार्यमा प्रयोग गर्न सक्नेछ ।

९. **टोल विकास संस्था तथा सरसफाई समितिको काम, कर्तव्य र अधिकार :** टोल विकास संस्था वा सरसफाई समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बजार क्षेत्रको सरसफाईका लागि समुदाय तथा जनशक्ति परिचालन गर्ने ।

(ख) टोलमा सेफ्टी टयाङकी लगायतबाट उत्पादन हुने फोहोरमैलाको उचित व्यवस्थापन भए नभएको अनुगमन गरी उचित व्यवस्थापन गर्न लगाउने र त्यसरी उचित व्यवस्थापनमा असहयोग पुऱ्याउनेलाई कार्वाहीको लागि गाउँपालिकामा लेखी पठाउने,

(ग) टोलबासी तथा टोलमा सञ्चालन हुने व्यवसायको लागि आवश्यक पर्ने धारा, पानी र विजुली लगायत जडान गर्न वडा कार्यालयमा सिफारिश गर्ने,

(घ) टोल सुधारका लागि आवश्यक पर्ने मेलामहोत्सव सञ्चालन गर्ने,

(ङ) टोल सुधारका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने ।

१०. **घरमा शौचालय र सेफ्टीटयाङ्की अनिवार्य रुपमा बनाउनु पर्ने :** (१) सबैले आ-आफ्नो घरमा शौचालय र सेफ्टीटयाङकी अनिवार्य रुपमा बनाउनु पर्नेछ ।
(२) कसैले पनि शौचालयको फोहोर सडक वा खुला नालामा विसर्जन गर्न पाउने छैन ।

११. **अस्पताल वा स्वास्थ्य संस्थाको फोहोरमैला व्यवस्थापन सम्वन्धी विशेष व्यवस्थापनः**

(१) अस्पताल तथा स्वास्थ्य संस्थाले नेपाल सरकारद्वारा जारी "स्वास्थ्य सेवा फोहोर व्यवस्थापन मार्गदर्शन, २०७१" को पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(२) अस्पतालन वा स्वास्थ्य संस्थामा विरामीको चाप र सेवाको स्तर हेरी अटोक्लेभ वा मिनी अटोक्लेभ मेशिनको प्रयोगद्वारा जोखिमपूर्ण फोहोरमैला निर्मलीकरण गरेर मात्र तोकिएको ठाउँमा विसर्जन गर्नु पर्नेछ ।

(३) अस्पतालन वा स्वास्थ्य संस्थाले पर्याप्त मात्रामा सुई काट्ने औजार राखी प्रयोग गरिएका सुईजन्य सामाग्री टुक्रयाएर मात्र तोकिएको ठाउँमा विसर्जन गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाहरुको डेलिभरी, अपरेशन थियटर र ड्रेसिङ कोठा आदिमा स्रोतमानै फोहोर  छुट्टयाउनको लागि सानो ठुलो ट्रली तथा बाटा एवं बाल्टीन राख्ने स्टयाण्ड बनाउनु पर्नेछ ।

(५) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको लागि मास्क, बुट,पन्जा, एप्रोत, भाईरेक्स र फिनेल आवश्यक मात्रामा उपलब्ध गराउनु पर्नेछ ।

(६) अस्पताल तथा प्रसुती केन्द्रहरुमा सालनाल व्यवस्थापन गर्नको लागि आवश्यक औजार राख्नु पर्नेछ ।

(७) स्वास्थ्य संस्थाले कुहिने फोहोर विसर्जनका लागि उचित किसिमको लागि खाल्डो र नकुहिने प्रकृतिका फोहोर विसर्जनको निमित्त डढाउने मेशिन व्यवस्था गर्नु पर्नेछ ।

(८) उपचारको क्रममा काट्नु पर्ने, फाल्नु पर्ने मानव अंग जथाभावी विसर्जन गर्न पाईने छैन ।

(९) गाउँपालिकाले सञ्चालन गर्ने अस्पताल तथा स्वास्थ्य संस्थामा समेत यो दफा बमोजिमको फोहोरमैला व्यवस्थापन गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

**१२. फोहोरमैला संकलन तथा सरसफाई कार्यमा संलग्न जनशक्तिको स्वास्थ्य परीक्षण गराउनु पर्नेः**

(१) फोहोरमैला संकलन तथा सरसफाई कार्यमा खटिएका जनशक्तिालाई त्यसरी काममा लगाउनेले त्रैमासिक रुपमा स्वास्थ्य परीषण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) फोहोरमैला संकलन तथा सरसफाई कार्यमा खटिएका जनशक्तिलाई मास्क, पञ्जा, गमबुट, हेल्मेट लगायतका सामाग्रीहरु उपलब्ध गराउनु पर्नेछ ।

**१३. गाउँपालिकाले अनुगमन गर्न सक्ने :**

(१) गाउँपालिकाले व्यक्ति, संघ संस्था तथा व्यवसायले गर्ने फोहोर व्यवस्थापन कार्यको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार भएको अनुगमनका क्रममा सुधार गर्नु पर्ने अवस्था देखिएमा गाउँपालिकाले त्यस्तो संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशनलाई सम्वन्धित संघसंस्था वा व्यवसायीहरुले पालना गर्नु पर्नेछ ।

## परिच्छेद ३

## कसुर तथा दण्ड सजाय

**१४. कसुर तथा दण्ड सजाय :**

(१) कसैले तोकिएको स्थान भन्दा अन्यत्र स्थानमा कुहिने फोहोर फालेमा गाउँपालिकाले पहिलो पटकका लागि पचास रुपैयाँ, त्यसपछि पटकै पिच्छे थप पचास रुपैयाँका दरले बढ्दै जानेगरी जरिवाना गर्न सक्नेछ ।

(२) कसैले तोकिएको स्थान भन्दा अन्यत्र नकुहिने फोहोर फालेमा गाउँपालिकाले पहिलो पटकका लागि एकसय रुपैयाँ, त्यसपछि पटकै पिच्छे थप एकसय रुपैयाँका दरले बढ्दै जानेगरी जरिवाना गर्न सक्नेछ ।

(३) शौचालयको फोहोर सडक वा खुलाा नालामा फाल्नेलाई गाउँपालिकाले पहिलो पटकका लागि एक हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे थप एकहजार रुपैयाँमा बढ्दै जाने गरी जरिवाना गर्न सक्नेछ ।

(४) पटक पटक अनाधिकृत समय र ठाउँमा फोहोरमैला फ्याक्नेलाई गाउँपालिकाले दिने सेवामा कडाई गर्न सक्नेछ ।

(५) अस्पताल वा स्वास्थ्य संस्थाले यस ऐनमा तोकिए भन्दा अन्यथा तरिकाले फोहोर विसर्जन गरेको पाईएमा दश हजार रुपैयाँ देखि पच्चिस हजार रुपैयाँ सम्म जरिवाना गर्नुका साथै त्यस्तो संस्था बन्द गर्न आदेश समेत दिन सक्नेछ ।

## परिच्छेद-४

## विविध

**१५. नियम बनाउने अधिकारः** कार्यपालिकाले यस ऐनको प्रभावकारिताको लागि आवश्यक पर्ने नियम बनाउन सक्नेछ ।

**१६. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** कार्यपालिकाले यस ऐनको प्रभावकारिताको लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

घ्याङलेख गाउँपालिका

**अनुसूची-१**
**(दफा ८ को (२) सम्वन्धित)**

मितिः २०७../.../...

श्री सचिव/प्रमुख प्रशासकीय अधिकृत ज्यू
वडा समिति/गाउँ कार्यपालिकाको कार्यालय
वडा नं....... / हायुटार, सिन्धुली
घ्याङलेख गाउँपालिका ।

**विषयः** टोल विकास संस्था/सरसफाई समिति सूचीकृत/दर्ता गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिका को वडा नं .... स्थित ...........टोलमा गठन गरिएको ................... टोल विकास संस्था/सरसफाई समितिलाई सूचीकृत/दर्ता गरी दिनु हुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ................. टोल विकास संस्था/सरसफाई समितिको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सीमित रहनेछ ।

**संलग्नः**

टोल भेलाको उपस्थिति र निर्णय ।

कार्य समितिका सदस्यहरुको नाम थर ।

पूर्व सिमानाः ..........................

पश्चिम सिमानाः ..........................

उत्तर सिमानाः ..........................

दक्षिण सिमानाः ..........................

हालका जम्मा घरधुरीः.......

**निवेदक**

समितिको तर्फबाट

अध्यक्षको नामः ..........

टोल विकास संस्थाको नामः..............

ठेगानाः...........................

घ्याङलेख गाउँपालिका

**अनुसूची-२**

**(दफा ८ को (३) सम्वन्धित)**

**घ्याङलेख गाउँपालिका**

... वडा कार्यालय, ............./गाउँ कार्यपालिकोको कार्यालय

टोल विकास संस्था/सरसफाई समिति सूचीकृत/दर्ता प्रमाण-पत्र

घ्याङलेख गाउँपालिका वडा नं. ......... स्थित ..........मा गठन भएको ............टोल विकास संस्था/सरसफाई समितिलाई यस कार्यालयमा मिति २०७../../....मा सूचीकृत/दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्था/सरसफाई समितिको सक्रीय सहभागिताको अपेक्षा गर्दछु।

मिति:

..................................

वडा सचिव/प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणीकरण मिति :- २०७९।१२।०२**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा मुद्रित रु. १०।-**